# खेतीयोग्य बाँझो जग्गालाई उपयोग गर्ने सम्बन्धी कार्यविधि, २०७२

नेपाल सरकार

**कृषि विकास मन्त्रालय**

२०७२ फाल्गुण



नि. **सचिव**

# खेतीयोग्य बाँझो जग्गालाई उपयोग गर्ने सम्बन्धी कार्यविधि, २०७२

## पृष्ठभूमी

नेपालको कुल खेती योग्य जग्गा ४१ लाख २१ हजार हेक्टर मध्ये हाल ३० लाख ९१ हजार हेक्टरमा मात्र खेती भैरहेको छ । हाल खेती भैरहैको जग्गामा पनि विभिन्न कारणले जग्गाहरु बाँझो हुने क्रम बढ्दो छ । करिव २० देखि २५ प्रतिशत जमीन बाँझो रहेको अनुमान रहेको छ ।वास्तविक किसानहरूसँग जमिनको स्वामित्व नहुनु, अनुपस्थित भूस्वामित्वको स्थिति कायमै रहनु, कृषिमा श्रम गर्ने युवा शक्तिको पलायन, न्यून उत्पादकत्व, कृषि उत्पादन सामग्रीहरुको कमी, कम नाफामूखी व्यवसाय र अपेक्षित रुपमा सम्मानित पेशाको रुपमा विकसित हुन नसक्नु लगायतका कारणहरुले गर्दा खेतीयोग्य जमिनहरु बाँझो रहनुका प्रमुख कारणहरु रहेका छन् ।यसै पृष्ठभूमिमा नेपालको संविधानमा व्यवस्था भएको कृषि र भूमिसुधार सम्बन्धी नीतिको अनुपस्थित भू स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायिकरण, अद्योगिकीकरण, विविधिकरण र आधुनिकिकरण गर्ने प्रावधान, राष्ट्रिय भू उपयोग नीति २०६९को कृषि भूमिलाई बाँझो राख्ने प्रवृतिलाई निरुत्साहन गर्ने नीतिगत व्यवस्था र बाँझो रहेका जग्गाहरुमा कृषि विकासका कार्यक्रमहरु सन्चालन मार्फत उपयोगमा ल्याई उत्पादन वृद्धि गर्ने कृषि विकास मन्त्रालयको प्रतिवद्धताको बुँदा नं २६ कार्यान्वयनका लागि नेपाल सरकारले यो कार्यविधि बनाई लागू गरेको छ ।

परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "खेतीयोग्य बाँझो जग्गालाई उपयोग गर्ने सम्बन्धी कार्यविधि, २०७२" रहेकोछ।

(२) यो कार्यविधि स्विकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "कार्यविधि"भन्नाले "खेतीयोग्य बाँझो जग्गालाई उपयोग गर्ने सम्बन्धी कार्यविधि, २०७२" भन्ने सम्झनुपर्छ।

(ख) "बाँझो जग्गा" भन्नाले देहायका जग्गाहरु सम्झनुपर्छ

- उपयोगमा आएर पनि बाँझोमा परिणत भएको
- कृषि योग्य जमीन हालसम्म उपयोगमा नआएको



नि. सचिव

- सरकारी बाँझो जग्गा
- सार्वजनिक बाँझो जग्गा
- नीजि बाँझो जग्गा

(ग) "सरकारी जग्गा" भन्नाले (सडक, बाटो, रेल्वे, तथा सरकारी घर, भवन वा कार्यालय रहेको जग्गा सम्झनुपर्छ र सो शब्दले नेपाल सरकारको अधिनमा रहेको वन बुटेन, जङ्गल, नदी खोलानाला, नदी उकास, ताल, पोखरी तथा सोको डिल, नहर, कुलो, ऐलानी, पर्ती वा अन्य जग्गा, भीर, पहरा, डगर, बगर र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सरकारी जग्गा भनी तोकिएको जग्गा ।

(घ) "सार्वजनिक जग्गा" कुनै ब्यक्तिले नभै सार्वजनिक रूपमा प्रयोग गर्न पाउने परापूर्वदेखि प्रचलनमा रहेको बाटो, कुवा, पानी पँधेरो, पानीघाट, इनार, पोखरी तथा सोको डिल, गाइवस्तु निकाल्ने निकास, गौचर, मसानघाट, चिहान, पाटी, पौवा, देवल, धार्मिक उपासना गर्ने स्थल, स्मारक, मठ, मन्दिर, चोक, डबली, ढल, चौतारो, हाट मेला लाग्ने ठाउँ ।

३. **कार्यक्रम संचालनको लक्ष्य एवम् उद्देश्य:**(१) यस कार्यविधि अनुसार कार्यक्रमको लक्ष्य एवम् उद्देश्य देहाय बमोजिम हुनेछः-

लक्ष्य :

देशभरि रहेका कृषि योग्य जमीन हाल विभिन्न कारणहरुले गर्दा उपयोगमा नआइरहेको सन्दर्भमा नेपालको संविधान २०७२ ले अवलम्बन गरेको खाद्य सम्प्रभुताको हक सुनिश्चित गर्न बाँझो जमिनलाइ उपयोगमा ल्याइ उत्पादन उत्पादकत्व वृध्दिमार्फत खाद्य सुरक्षामा टेवा पुर्याउने।

उद्धेश्यहरु :

(क) खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याइ संविधान प्रदत्त जनताको खाद्य संप्रभुता हुने दिशामा अग्रसर रहने।

(ख) बाँझो जग्गाको उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(ग) स्थानीय स्तरमा रोजगारी सृजना गर्ने ।

(घ) अनुपस्थित भूस्वामित्वको अन्त्य गर्ने दिशा तिर अगाडि बढ्नु ।



नि. **सचिव**

## परिच्छेद-२

## कार्यक्रम तथा संचालन प्रक्रिया

### (क) कार्यक्रम

बाँझो जग्गाको उपयोग गर्नका लागि देहायका कार्यक्रमहरु संचालन गरिने छन्

१.खाद्यान्न उत्पादन तथा पोषण सुरक्षा : मकै, धान, फापर, गहुँ, जौ, आलु, कोदो , फलफूल तथा तरकारी, माछा, दलहन, तेलहन.

२.नगदे तथा औधोगिक बाली : चिया, कफी, जैतुन, उखु, अलैची, अदुवा, बेसार आदि

३. कृषिमा आधारित जडीबुटी

### (ख) कार्यक्रम संचालन सम्बन्धि प्रकृया

१. बाँझो रहेका खेतीयोग्य जग्गाहरुलाई उपयोगमा ल्याई उपयुक्त कृषि बालीहरु उत्पादन गर्न अभिप्रेरित गर्नका लागि कृषि विकास मन्त्रालय र मातहतका केन्द्रीय एवं क्षेत्र तथा जिल्लास्थित निकायहरुले छापा तथा विधुतिय सन्चार माध्यमहरु मार्फत व्यापक रुपमा सार्वजनिक सुचना जारी सर्वसाधारणमा आवह्वन गरिनेछ ।

२. जग्गावालाले आफैं खेती गर्न नसक्ने अवस्था रहेमा खेती गर्न इच्छुक अन्य व्यक्तिलाई खेती गर्नका लागि दिन सक्नेछ ।

३. नं. (१) र (२) को प्रकृया कार्यान्वयन पछि पनि बाँझो रहेमा जग्गाधनीसँग सरकारले सम्झौता गरी जग्गा उपयोग गर्न तर्फ पहल गरिने छ ।

४. प्रत्येक जिल्लामा रहेको बाँझो जमिनको सेवा केन्द्र/गा.वि.स/न.पा. मार्फत अनुसूचि १ (क) (ख) बमोजिम तथ्याङ्क अध्यावधिक गरिनेछ ।

५. उपरोक्तानुसार अध्यावधिक गरिने तथ्याङ्कलाई जिल्ला कृषि विकास समितिमा जानकारी गराई ३ वर्षे योजना/कार्यक्रम तय गरिनेछ ।

### ४. समितिको गठन

बाँझो जग्गा सदूपयोग गर्न जिल्लास्तरमा जिल्ला कृषि विकास समितिलाइ जिम्मेवार बनाइने छ ।

जिल्ला कृषि विकास समिति (जि.कृ.वि.स.) को संरचना

| | |
|---|---|
| सभापति, जिल्ला विकास समिति | अध्यक्ष |
| प्रमुख, जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | उपाध्यक्ष |
| प्रमुख, जिल्ला सिंचाई कार्यालय | सदस्य |
| प्रमुख, भूमिगत जल सिंचाई फिल्ड कार्यालय | सदस्य |
| प्रमुख, जिल्ला सहकारी कार्यालय | सदस्य |
| प्रमुख, जिल्ला वन कार्यालय | सदस्य |



नि. सचिव

| | |
|---|---|
| प्रमुख, जिल्ला मालपोत कार्यालय | सदस्य |
| प्रमुख, जिल्ला पशुसेवा कार्यालय | सदस्य |
| प्रमुख, कृषि विकास बैंक, जिल्ला शाखा | सदस्य |
| प्रमुख, जि.वि.स., स्थानीय पूर्वाधार तथा कृषि सडक शाखा | सदस्य |
| प्रमुख, नार्क अन्तर्गत जिल्ला स्थित फार्म केन्द्र | सदस्य |
| प्रमुख, कृषि विभाग पशुसेवा विभागका जिल्ला स्थित फार्म/केन्द्र | सदस्य |
| प्रमुख, ग्रामिण विद्युतीकरण कार्यालय | सदस्य |
| प्रमुख, कृषि सामग्री कम्पनी, जिल्ला कार्यालय | सदस्य |
| प्रमुख, महिला विकास शाखा | सदस्य |
| प्रमुख, जिल्ला सहकारी कार्यालय | सदस्य |
| अध्यक्ष, जिल्ला सहकारी संघ | सदस्य |
| स्थानीय विकास अधिकारी, जि.वि.स. | सदस्य |
| पुरूष कृषक समूहहरू मध्येबाट १ र महिला कृषक समूहहरूमध्येबाट १ गरी दुई जना | सदस्य |
| निजी उद्यमीबाट १ जना प्रतिनिधि | सदस्य |
| निजी क्षेत्रका १ जना गैह्र सरकारी संस्था प्रतिनिधि | सदस्य |
| प्रमुख, जिल्ला कृषि विकास कार्यालय | सदस्य |
| योजना अधिकृत, जिल्ला कृषि विकास कार्यालय | सदस्य |

समितिमा आवश्यक्ता अनुसार विज्ञहरु आमन्त्रण गर्न सकिनेछ ।

समितिले आवश्यकता अनुसार उपसमिति र सेवाकेन्द्र स्तरीय समिति गठन गर्न सक्नेछ ।

### ४.१ समितको काम,कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजम हुनेछ ।

१.जिल्ला भरिको बाँझो जमिनको विवरण अध्यावधिक गर्ने ।

२. बाँझो जमिनको विवरण अध्यावधिक गर्न उपसमितिलाइ पृष्ठपोषण गर्ने ।

३. बजेट/कार्यक्रम अनुमोदन गराई क्षेत्रीय कृषि निर्देशनालय मार्फत कृषि विभागमा पेश गर्ने ।

४. संचालित कार्यक्रमहरुको अनुगमन/मूल्याङ्कन गर्ने ।

५. पूर्वाधार विकासका कार्यक्रम कार्यान्वयन सम्बन्धमा सम्बन्धित मन्त्रालय अन्तर्गतका जिल्ला स्थित कार्यालयहरु संग समन्वय गरी कार्यक्रम तर्जूमा गर्ने ।

### ५. उपसमितिको गठन

बाँझो जग्गा सदूपयोग गर्ने गरी कार्यक्रम कार्यान्वयनका लागि जिल्ला कृषि विकास समिति अन्तरगत जिल्लास्तरमा देहायबमोजिमको उपसमिति गठन गरिने छ ।

संयोजक- वरिष्ठ कृषि विकास अधिकृत



नि. सचिव

सदस्य- अधिकृत प्रतिनिधी, जिल्ला सिंचाइ कार्यालय

सदस्य- अधिकृत प्रतिनिधी, जिल्ला मालपोत कार्यालय

सदस्य- अधिकृत प्रतिनिधी, जिल्ला नापी कार्यालय

सदस्य- प्रतिनिधी, राष्ट्रिय किसान संजाल नेपाल

सदस्य सचिव- तोकिएका अधिकृत, जिल्ला कृषि विकास कार्यालय

समितिमा आवश्यक्ता अनुसार विज्ञहरु आमन्त्रण गर्न सकिनेछ ।

**५.१ उपसमितिको काम,कर्तव्य र अधिकार**

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजम हुनेछ ।

१. बाँझो जमिन रहनुका कारणहरूको जानकारी लिने ।

२. बाँझो जमिनको सिजन अनुसार बर्गीकरण (बर्षे, हिउँदे, वसन्ते) गर्ने ।

३. जिल्ला भरिको बाँझो जमिन अध्यावधिक गर्ने सेवाकेन्द्र/गाँउपालिका/नगरपालिका स्तरीय समितिलाइ निर्देशन गर्ने ।

४. अध्यावधिक विवरण अनुसार कार्यक्रम बनाई जिल्ला कृषि विकास समितिबाट अनुमोदन गर्ने ।

५. बजेट/कार्यक्रम अनुमोदन गराई कृयाकलाप संचालन गर्ने ।

६. संचालित कार्यक्रमहरुको अनुगमन/मूल्याङ्कन गर्ने ।

७. कार्यक्रम संचालनका लागि जिल्ला स्थित सरोकारवाला निकायहरूसँग समन्वय गर्ने ।

**६. सेवाकेन्द्र/गाँउपालिका/नगरपालिका स्तरीय समितिको गठन**

संयोजक- कृषि सेवा केन्द्र प्रमुख

सदस्य- प्रतिनिधी, गा.पा. वा न.पा

सदस्य- प्रतिनिधी, पशु सेवा केन्द्र

सदस्य- प्रतिनिधी, राष्ट्रिय किसान संजाल नेपाल

सेवाकेन्द्र स्तरीय समितिमा आवश्यक्ता अनुसार प्रतिनिधीहरू आमन्त्रण गर्न सकिनेछ ।

(गाँउपालिकाको संरचना कायम नहुदाँसम्म हालको गा.वि.स ले नै मान्यता पाउने छ)

**६.१ सेवाकेन्द्र स्तरीय समितिको काम, कर्तव्य र अधिकार**

सेवाकेन्द्र स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजम हुनेछ ।

१. बाँझो जमिन रहनुका कारणहरूको जानकारी लिने ।

२. समितिले निर्देशन गरे बमोजिम स्थानियसँग समन्वय गरी बाँझो जमिनको तत्थाङ्क अध्यावधिक गर्ने ।



नि. सचिव

३. अध्यावधिक विवरण उपसमितिमा पेश गर्ने ।

४. जिल्लाबाट प्राप्त बजेट/कार्यक्रम अनुसार इलाकामा कृयाकलापहरू संचालन गर्ने ।

५. स्थानिय स्तरमा बाँझो जग्गाको सदुपयोगका लागि कृषकहरूलाई प्रोत्साहन गर्ने ।

**७. क्षेत्रीय कृषि निर्देशनालयको भूमिका**

सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयको भूमिका देहाय अनुसार हुनेछ

१.आफ्नो क्षेत्र अन्तरगत रहेका जिल्लाहरुमा रहेको बाँझो जग्गाहरुको तथ्यांक कम्पाईल तथा अधावधिक गर्ने ।

२. जिल्लाहरुमा संचालित यस सम्वन्धि कार्यक्रमहरुको सहजीकरण गर्ने ।

३. आफ्नो क्षेत्र अन्तरगत रहेका जिल्लाहरुवाट संचालित यस सम्वन्धि कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गरि कृषि विभागमा प्रतिवेदन गर्ने ।

**८. कृषि विभागको भूमिका**

कृषि विभागको भूमिका देहाय अनुसार हुनेछ

१.नेपालभरका बाझो जग्गाको तथ्याङ्क अध्यावधिक गरी कृषि विकास मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन महाशाखामा पेश गर्ने ।

२. कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालन गर्न प्राविधिक निर्देशनालयहरुलाई आवश्यक परिचालन गर्ने ।

**९. कृषि विकास मन्त्रालयको भूमिका**

कृषि विकास मन्त्रालयको भूमिका देहाय अनुसार हुनेछ

१. संचालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

२. नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य सरोकारवाला मन्त्रालय र निकायहरुसँग समन्वय गर्ने/गराउने ।

## परिच्छेद-३

## कार्यक्रम समन्वय तथा अनुगमन व्यवस्था

**१०. निर्देशन समितिको गठन**

कार्यक्रम अनुगमन तथा समन्वयका लागि तपसिल बमोजिमको एक निर्देशन समिति रहनेछ

| | |
|---|---|
| संयोजक | सचिव,कृषि विकास मन्त्रालय |
| सदस्य | कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् |
| सदस्य | सह-सचिव, योजना महाशाखा, कृषि विकास मन्त्रालय |
| सदस्य | सह-सचिव, प्रशासन महाशाखा, कृषि विकास मन्त्रालय |
| सदस्य | सह-सचिव, खाद्य सुरक्षा, कृषि व्यवसाय प्रवर्द्धन तथा वातावरण महाशाखा, कृषि विकास मन्त्रालय |



नि. सचिव

सदस्य	महानिर्देशक, कृषि विभाग

सदस्य	महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

सदस्य	प्रतिनिधि, राष्ट्रिय किसान संजाल नेपाल

सदस्य सचिव	सह-सचिव,अनुगमन मूल्याङ्कन तथा तथ्याङ्क महाशाखा, कृषि विकास मन्त्रालय

**११. निर्देशन समितको काम, कर्तव्य र अधिकार:**

निर्देशन समितको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

१.बाँझो जग्गा संचालनमा ल्याउने सम्वन्धमा उपलव्ध गराइने सेवा सुविधाका लागि आवश्यक बजेट व्यवस्था गर्न निर्देशन दिने ।

२. बाँझो जग्गा संचालनमा ल्याउने सम्वन्धमा आवश्यक प्रविधिको व्यवस्थाका लागि निर्देशन गर्ने

३. कार्यक्रम संचालनका लागि अन्तरनिकायवीच समन्वय गर्ने गराउने ।

४. बाँझो जमिन उपयोग गर्न सरकारलाई नियमावली बनाउन ठोस सुझाव दिने र पहल गर्ने ।

परिच्छेद-४

**विविध**

**१२. प्रचलित कानून लागु हुने:** प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

**१३. अन्तिम व्याख्या:** यस कार्यविधिको प्राविधिक विषयको व्याख्यामा द्विविधा भएमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१४. अनुसूचीमा हेरफेर गर्न सक्ने:** यस कार्यविधिमा संलग्न अनुसूचीहरु (आर्थिक विषय बाहेक) मा हेरफेर कृषि विकास मन्त्रालयले आवश्यकता र सम्भावनाका आधारमा गर्न सक्नेछ ।

**१५. अन्य व्यवस्था:** जिल्लास्तरमा बाँझो जग्गाको तथ्याङ्क अध्यावधिक गरि सूचना टाँस गरिनेछ र स्थानिय एफ एमबाट सो व्यहोरा सूचित गरिनेछ ।

यस कार्यविधि अनुसार सेवा सुविधा लिने सन्दर्भमा विद्यमान अन्य कार्यविधि अनुसारका सेवा सुविधा लिन बाधा पर्ने छैन ।



नि. सचिव

## अनुसूचि-१ बाँझो जग्गा सम्वन्धि वर्गिकरण

कृषकस्तरको बाँझो जग्गा सम्वन्धि विवरण

| क.सं | जग्गाधनीको नाम | ठेगाना | कुल खेतीयोग्य जमिन (हे./रो.) | बाँझो रहेको जमिन (हे./रो.) | बाँझो रहन शुरु गरेको वर्ष | बाँझो जमिनको प्रकार (खेत/पाखो) | बाँझो रहनुको कारण | बाँझो जमिनमा सिंचाइको उपलब्धता (वर्षेभरि, मौसमी, नभएको) | बाँझो जमिनमा लगाउन सकिने बाली/वस्तु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |



नि. सचिव

## अनुसूचि-२ निवेदनको फर्मेट

(दफा ..... सँग सम्बन्धीत)

मिति:

श्री वरिष्ठ कृषि विकास अधिकृतज्यू

जिल्ला कृषि विकास कार्यालय, ....................

विषय: बाँझो जग्गा उपयोग गर्ने सम्वन्धि कार्यक्रममा समावेश गरिदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट आ.ब. २०....../....... मा बाँझो जग्गा उपयोग गर्ने सम्वन्धि कार्यक्रममा म/हामी संलग्न भई यस सम्वन्धि कार्यविधिले तोके बमोजिम बाँझो जग्गामा ............खेती गर्न ईच्छुक भएको हुँदा उक्त कार्यक्रममा समावेश गरी नियमानुसारको सेवा सुविधा प्रदान गरिदिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।बाँझो जग्गा उपयोग गर्ने सम्वन्धि विवरण यस प्रकार रहेको व्यहोरा समेत अनरोध छ ।

क)निवेदकको कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कम्पनीको नाम:

ख)निवेदकको कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कम्पनीको ठेगाना:

ग) खेती गर्न प्रस्तावित बाँझो जमिनको क्षेत्रफल (हे./रो):

घ) बाँझो जग्गामा प्रस्तावित बाली/वस्तु/व्यवसाय:

ङ) निवेदक कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कम्पनीको आधिकारिक व्यक्तिको हस्ताक्षर र छाप:

संलग्न कागजात

१. कृषक समूह/कृषि सहकारी संस्था/कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपी

२. कृषक समूह/कृषि सहकारी संस्था/कम्पनी निर्णयको प्रतिलिपी



नि. सचिव

## अनुसूचि-३ सार्वजनिक/सरकारी जग्गाको विवरण

सार्वजनिक/सरकारी निकायमा रहेको बाँझो जग्गा सम्वन्धि विवरण

| क.सं | सार्वजनिक/सरकारी निकायको विवरण | ठेगाना | कुल खेतीयोग्य जमिन (हे./रो.) | बाँझो रहेको जमिन (हे./रो.) | बाँझो रहन शुरु गरेको वर्ष | बाँझो जमिनको प्रकार (खेत/पाखो) | बाँझो रहनुको कारण | बाँझो जमिनमा सिंचाइको उपलव्धता (वर्षभरि, मौसमी, नभएको) | बाँझो जमिनमा लगाउन सकिने बाली/वस्तु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |



नि. सचिव